अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

१ नं. प्रदेश, नेपाल

प. सं. ०७९/८०

च. नं. ८७८

प्रथम पटक प्रकाशन मितिः-२०७९/१०/०९

विषयः- निवेदन र प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सबै (कक्षा ९-१२ सञ्चालित) सामुदायिक विद्यालयहरु,

अरुण गाउँपालिका,भोजपुर।

प्रस्तुत विषयमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गतको एक शिक्षण संस्था एक उद्यम कार्यक्रम अन्तर्गत विद्यालयमा उद्यमशीलता मार्फत् सार्वजनिक शिक्षाको सवलीकरण गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषदबाट अरुण गाउँ पालिकाको लागि आ.व.२०७९/०८० मा कार्यक्रम गर्ने गरी स्वीकृत भई आएकोले तोकिए बमोजिम उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र राष्ट्रिय युवा परिषद्, सानो ठिमी भक्तपुरद्वारा जारी गरिएको एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि,२०७९ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची २ बमोजिमको ढाँचामा व्यावसायिक परियोजना छुट्टाछुट्टै तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णयसहित तोकीएको समय भित्रमा अरुण गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शिक्षण संस्था छनौटका आधारहरु तपशिल बमोजिम रहेका छन्

तपसिल

| क.स. | छनौटका आधारहरु | बढिमा १०० अंक |
|---|---|---|
| १ | उद्यम परीयोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना | १० |
| ३ | उद्यम विद्यार्थी क्लव गठन | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन | ५ |
| ५ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार(पानी,विजुली तथा जग्गा) | २० |
| ८ | माध्यमिक तहको विद्यार्थी संख्या | १० |

.............................

(मोहन सिह साउद)

शिक्षा अधिकृत (छैटौं)

शिक्षा शाखा प्रमुख

अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउँली, भोजपुर

(शिक्षा युवा तथा खेलकुद शाखा)

प. सं. ०७९/८०
च. नं. ८२२

१ नं. प्रदेश, नेपाल
मिति -२०७९/१०/१२

विषयः- निवेदन र प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री सवै सामुदायिक विद्यालयहरु,
अरुण गाउँपालिका,भोजपुर।

प्रस्तुत विषयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान शीर्षक अन्तर्गत तोकिएको सूचकाङ्कको आधारमा उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण प्रोत्साहन अनुदानको लागि निम्नानुसार विद्यालयहरुले आ.व. २०७७/०७८ को विद्यालयको लेखा परीक्षणको प्रतिवेदन तथा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अरुण गाउँपालिका (शिक्षा युवा तथा खेलकुद शाखा) प्याउली भोजपुरमा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

तोकिएको सूचकाङ्कको आधारमा उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई अनुदान रु.२,००,०००।-

- शिक्षा युवा तथा खेलकुद शाखाबाट तयार पारिएको फारामको आधारमा प्रस्तावना पेश गर्ने विद्यालय
- विद्यालय व्यवस्थापन समितिको निर्णय ।
- आफ्नो विद्यालयको सिकाइ उपलब्धि थप वृद्धि गर्नर र न्यून सिकाइ उपलब्धि भएका अन्य विद्यालयहरुको सिकाइ उपलब्धि बढाउन सहयोग गर्ने प्रवर्तनात्मक कृयाकलाप सहितको कार्ययोजना पेश गर्ने विद्यालय ।

(मोहन सिंह साउद)
शिक्षा अधिकृत
शिक्षा शाखा प्रमुख

# उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण कार्यक्रम प्रस्तावना ढाँचा(शैक्षिक सत्र २०७९)

१. पृष्ठभूमी

विद्यालयको छोटो परिचय उल्लेख गर्ने ।

२. औचित्य

विद्यालयले आफ्नो सिकाइ सुदृढीकरण कार्यक्रमको औचित्य प्रष्ट पार्ने ।

३. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण कार्यक्रमको लागि मापदण्ड

| क्र.सं. | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क | विधि |
|---|---|---|---|---|
| १ | कक्षा८ को परीक्षा नतिजा | १५ | | विद्यालयले आफ्नो प्राप्ताङ्क आफै राख्ने जसमा बिद्यालयको तोकिएको हरेकक्षेत्रको औसत निकाली ९० माथि आएमा सत प्रतिशत , ६०-८९ आएमा ७५ प्रतिशत, ४०-५९ आएमा ५० प्रतिशत, २०-३९ आएमा २० प्रतिशत र २० भन्दा कम आएमा०(सून्य) अङ्क दिने। |
| २ | कक्षा १० को परीक्षा नतिजा | १० | | |
| ३ | कक्षा १२ को परीक्षा नतिजा | १० | | |
| ४ | शिक्षक उपस्थिति | १० | | |
| ५ | विद्यार्थी सङ्ख्या (आ.वि १-५ भए ५० जना, आ.वि १-८ भए १२० जना,मा.वि.१-१० भए १५० जना र मा.वि.१-१२ भए २५० जना। | १५ | | |
| ६ | सिकाइ उपलब्धि दर | २० | | |
| ७ | विद्यार्थी कक्षा छोड्ने दर | ५ | | |
| ८ | विद्यार्थी कक्षा दोहोन्याउने दर | ५ | | |
| ९ | विद्यालयमै दिवा खाजा तयार गरी खुवाउने व्यवस्था भएमा | १० | | विद्यालयमै तयार गरेर खुवाउदै गरेको भए १० अङ्क,आगामी दिनमा विद्यालयमै तयार गरेर खुवाउने कार्ययोजना तयार हुँदै गरेको निर्णय पेश गरे ५अङ्क |
| | जम्मा | १०० | | |

प्रधानाध्यापक

हस्ताक्षरः

नामः

मितिः

वि.व्य.स.अध्यक्ष

हस्ताक्षरः

नामः

मितिः

पुनश्चः विद्यालयले उल्लिखित मापदण्डका आधारमा प्राप्त गर्ने अङ्कसहित सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्नाअसल अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदान प्रदान गर्नका लागि प्रवर्तनात्मकक्रियाकलाप सहितको प्रस्तावना तयार गर्ने।